# विहादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## वहाकीठाँटी, पर्वत

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या :- ०७९/०८०

चलानी नं. :-

मिति :- २०८०।०१।१३

**सूचना नं. ५३**

**अति विपन्न, दलित, अपाङ्ग र लोपोन्मुख आमा पोषिलो खाना कार्यक्रमको रकम भूक्तानिका लागि कागजात पेश गर्ने सम्बन्धि सूचना !**

स्वास्थ्य कार्यालय पर्वतको च.नं. २७०, मिति २०८०।०१।०७ गतेको प्राप्त पत्र बमोजिम **सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखराको विशेष अनुदान कार्यक्रम** तर्फ *आमा तथा बालबालिकाको पोषण सुधार आयोजना सम्बन्धी कार्य सञ्चालन मापदण्ड, २०७९* बमोजिम अति विपन्न, दलित, अपाङ्ग र लोपोन्मुख सुत्केरी आमा पोषिलो खाना कार्यक्रम अनुसार लक्षित वर्गका आमा र बालबालिकाहरुको पोषण अवस्था सुधार ल्याई स्वास्थ्य अवस्था सुदृढ गर्न सुत्केरी भएको दिन देखि ४५ औ दिन सम्म पोषिलो खानाको लागि पोषण खर्च वापत सम्बन्धित सुत्केरी महिलाको बैंक खातामा एकमुष्ठ रु ९०००/- जम्मा गरिदिने कार्यक्रम रहेकोले रकम भूक्तानीका तपसिल बमोजिमका आवश्यक कागजातहरु सम्बन्धित वडाको स्वास्थ्य संस्थामा पेश गर्नुहुन सम्बन्धित सवैलाई सूचित गरिन्छ ।

**आवश्यक कागजातहरु :**

१. सम्बन्धित वडा कार्यालयबाट निवेदक अति विपन्न वा दलित वा अपाङ्ग वा लोपन्मुख जाती रहेको भनी गरेको सिफारिस पत्र ।

२. परिचय खुल्ने कागज (नागरिकता वा राष्ट्रिय परिचयपत्र वा जग्गाधनी पूर्जा वा नेपाल सरकार / प्रदेश सरकार / स्थानीय तहबाट जारी भएको व्यक्तिगत विवरण खुल्ने कागजात)

३. स्थानिय पञ्जिकाधिकारीबाट जारी भएको जन्म दर्ताको प्रमाणपत्र वा स्वास्थ्य संस्थाबाट जारी भएंको जन्म प्रमाणपत्र वा घरमा सुत्केरी भएको हकमा सम्बन्धित स्वास्थ्य संस्थाबाट सिफारिस

४. सत्केरी महिलाको नाममा खोलिएको बैंक खाता नम्बर स्पष्ट खुल्ने चेकको प्रतिलिपी ।

५. अनुसुची १ बमोजिमको लाभग्राहीको प्रतिबद्धता तथा स्वघोषणा सहितको निवेदन ।

*पुनश्च : २०७९ श्रावण १ गते देखि २०७९ चैत्र मसान्त सम्म सुत्केरी भएका आमाहरुको हकमा २०८० बैशाख २० गतेसम्म र २०८० बैशाख १ गते देखि सुत्केरी भएका आमाहरुको हकमा १ महिना भित्र सम्बन्धित संस्थामा निवेदन पेश गरिसक्ने पर्नेछ ।*

चूर्ण बहादुर कार्की
प्रमुख प्रशासकीय अधिकृत